**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले आज आन्ध्र प्रदेशको विशाखापट्टनममा २ लाख करोड रुपैयाँभन्दा बढीको परियोजनाहरूको शुभारम्भए लोकार्पण अनि शिलान्यास गर्नु हुनेछ।

**२.** रक्षामन्त्री राजनाथ सिंहले तिब्बतमा भारतको सीमा नजिक ब्रह्मपुत्र नदीमा मेगा बाँध बनाउने चीनको योजनाप्रति सरकार सतर्क रहेको बताउनु भएको छ ।

**३.** एक देश, एक चुनाव सम्बन्धी दुई विधेयकका लागि गठित संयुक्त संसदीय समितिको पहिलो बैठक आज हुनेछ ।

**४.** केंद्रले श्री वी. नारायणनलाई भारतीय अंतरिक्ष अनुसंधान संगठन.इसरोको नयाँ अध्यक्ष अनि अंतरिक्ष विभागका सचिव नियुक्त गरेको छ।

**५.** 18ओ प्रवासी भारतीय दिवस सम्मेलन आज देखि भुवनेश्वरमा शुरू भैरहेको छ।

**प्रधानमंत्री-आंध्र प्रदेश यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदी, क्षेत्रीय प्रगतिलाई प्रोत्साहन दिन अनि एक लाख भन्दा अधिक रोजगार सृजित गर्ने संभावना रहेको बुनियादी परियोजनाहरुको उद्घाटन अनि शिलान्यास गर्न आज साझ विशाखापत्तनम पुग्नुहुने छ। उहाले आन्ध्र इंजीनियरिंग कॉलेज विश्वविद्यालय मैदानमा जनसभालाई संबोधित गर्नभन्दा पुर्ब मुख्यमंत्री एनण चन्द्रबाबू नायडू अनि उप.मुख्यमंत्री केण पवन कल्याण सित रोड शो गर्नुहुनेछ। गत बर्ष जून महिनामा आंध्र प्रदेशमा राष्ट्रीय जनतांत्रिक गठबंधनको ऐतिहासिक जीत पछि यो प्रधानमंत्री मोदीको पहिलो आंध्र प्रदेश यात्रा हो। उहाले एनटीपीसी ग्रीन हाईड्रोजन प्रोजेक्ट बाहेक 19 हजार 500 करोड़ रुपियाँ भन्दा अधिकको रेल अनि सड़क परियोजनाहरुको पनि शिलान्यास अनि शुभारंभ गर्नुहुनेछ। यी परियोजनाहरुमा विशाखापत्तनम स्थित दक्षिण तटवर्ती रेलवे मुख्यालयको आधारशिला राख्नु पनि सामेल छ।

****** ० ******

**राजनाथ सिंह.आगरा**

रक्षामन्त्री राजनाथ सिंहले तिब्बतमा भारतको सीमा नजिक ब्रह्मपुत्र नदीमा मेगा बाँध बनाउने चीनको योजनाप्रति सरकार सतर्क रहेको बताउनु भएको छ । भारतले आफ्नो हितको रक्षाका लागि अनुगमन र आवश्यक कदम चाल्ने बताउनु भएको छ । भारतले चीनलाई ब्रह्मपुत्रको तल्लो भागको हितलाई माथिल्लो क्षेत्रमा हुने गतिविधिले हानी नहोस् भनेर सुनिश्चित गर्न पनि आग्रह गरेको छ। श्री सिंह मुफिद-ए-आम इन्टर कलेजमा आयोजित उत्तर प्रदेश माध्यमिक शिक्षक संघको ५७ औं राज्यस्तरीय बैठकमा भाग लिन आगरा आउनु भएका थिए।_

****** ० ******

**एक देश एक चुनाव**

एक देश, एक चुनाव सम्बन्धी दुई विधेयकका लागि गठित संयुक्त संसदीय समितिको पहिलो बैठक आज हुनेछ । यी विधेयकहरू हुन् - एक सय २९औं संविधान संशोधन विधेयक र केन्द्र शासित प्रदेश कानून संशोधन विधेयकए २०२४। समितिका सदस्यहरूलाई कानून तथा न्याय मन्त्रालयका प्रतिनिधिले प्रस्तावित विधेयकका विभिन्न प्रावधानबारे जानकारी दिनेछन्।

३९ सदस्यीय समितिमा लोकसभाका २७ सदस्य र राज्यसभाका १२ सदस्य रहेका छन्। यो समितिले आगामी संसद अधिवेशनको अन्तिम साताको पहिलो दिन प्रतिवेदन बुझाउने छ। संयुक्त संसदीय समितिमा भारतीय जनता पार्टीका पीपी चौधरीए लोकसभाका

अनुराग सिंह ठाकुर र पुरुषोत्तम भाइ रुपालाए कांग्रेसका मनिष तिवारी र प्रियंका गान्धीए तृणमूल कांग्रेसका कल्याण बनर्जीए राष्ट्रवादी कांग्रेस पार्टी-शरद पवार गुटका सुप्रिया सुले छन्। राज्यसभाबाट भारतीय जनता पार्टीका घनश्याम तिवारीए भुवनेश्वर कलिता र के. लक्ष्मणए कांग्रेसका रणदीप सिंह सुरजेवाला र मुकुल वासनिकए जनता दल युनाइटेडका सञ्जयकुमार झा र वाई.एस.आर. कांग्रेसका विजयसाई रेड्डी सामेल छन्।

****** ० ******

**गडकरी - सडक सुरक्षा**

केन्द्रीय सडक यातायात र राजमार्ग मन्त्री नितिन गडकरीले भारतभरी चालक प्रशिक्षण संस्थानहरू स्थापना गर्ने योजनाको घोषणा गर्नु भएका छन्। यस अन्तर्गत संस्थानको स्थापनाका लागि प्रोत्साहन रकम उपलब्ध गराइनेछ। स्वचालित परीक्षण केन्द्र र चालक तालिम संस्थानको एकीकृत पूर्वाधारका लागि थप प्रोत्साहन रकम पनि दिइनेछ। पत्रकार सम्मेलनमा श्री गडकरीले देशमा दक्ष चालकको अभाव रहेको र थप चालक तालिम केन्द्र स्थापना गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भयो। श्री गडकरीले भन्नु भयो कि सबै राज्य र केन्द्र शासित प्रदेशका यातायात मन्त्रीहरूसँगको बैठकमा मुख्य रूपमा सडक सुरक्षाबारे छलफल भएको थियो। यातायात क्षेत्रमा आएको परिवर्तनका बारेमा बैठकमा उहाँले सडक तथा यातायात क्षेत्रमा भएका सबै समस्याए तिनको समाधान र विकासका उपायबारे छलफल भएको बताउनु भयो।

****** ० ******

**ओम बिरला: ब्रिटेन स्कटल्याण्ड**

लोकसभा अध्यक्ष ओम बिरला राष्ट्रमंडल देशका अध्यक्षता अधिकारीहरुको बैठकमा भाग लिन ब्रिटेनए स्कटल्याण्ड र ग्वेर्नसेको पाँच दिने औपचारिक भ्रमणमा हिजो प्रस्थान गर्नु भएका छन्। ब्रिटेन संसदको हाउस अफ कमन्सकी सभामुख लिन्डसे होइलको निमन्त्रणामा श्री बिरला आज अनि भोलि ब्रिटेनको भ्रमणमा रहनु हुनेछ। उहाँले लन्डनमा हाउस अफ लर्ड्सका लर्ड स्टार्स होइल र एलक्लुथको म्याकफलसँग भेट गर्नु हुनेछ। लन्डनमा आफ्नो अन्य व्यस्तता बाहेकए श्री बिरलाले बीआर संग्रहालयको भ्रमण गर्नु हुनेछ र महात्मा गान्धीको प्रतिमामा माल्यार्पण गर्नु हुनेछ। यसका साथै उहाँले ब्रिटेनमा रहेका भारतीयहरु सँग पनि कुराकानी गर्नु हुनेछ। श्री बिरलाले स्कटल्याण्डको पनि भ्रमण गर्नु हुनेछ र स्कटल्याण्ड संसदीय दलका अधिकारी एलिसन जोनस्टोन र स्कटल्याण्डका प्रथम मन्त्री जोन स्विनी सिनेटरलाई भेट्नु हुनेछ र स्कटल्याण्डका संसदका अन्य सदस्यहरूसँग पनि कुराकानी गर्नु हुनेछ। बिरलाले शुक्रबार ग्वेर्नसेमा राष्ट्रमंडल राष्ट्रका अध्यक्षहरू र अध्यक्षता अधिकारीहरूको सम्मेलनको स्थायी समितिको बैठकको अध्यक्षता गर्नु हुनेछ। यो सम्मेलन सन् २०२६ मा भारतमा हुने भएकाले २८ औं सम्मेलनको आयोजकका रूपमा श्री बिरलाले यस बैठकको अध्यक्षता गर्नु हुनेछ। यस भेटमा उहाँले अन्य संसदका आफ्ना समकक्षीसँग पनि भेट गर्नु हुनेछ।

****** ० ******

**केंद्र-मुखर्जी स्मारक**

केंद्र सरकारले पूर्व राष्ट्रपति प्रणब मुखर्जीको स्मारक बनाउनको लागि राजघाट परिसर अन्तर्गत राष्ट्रीय स्मृति परिसरमा एक स्थान निर्दिष्ट गरेको छ। पूर्व राष्ट्रपतिक पुत्री शर्मिष्ठा मुखर्जीले प्रधानमंत्री नरेन्द्र मोदीसित भेट गरेर यसको निम्ति आभार व्यक्त गर्नुभएको छ।

****** ० ******

**इसरो - नया अध्यक्ष**

केंद्रले श्री वीण नारायणनलाई भारतीय अंतरिक्ष अनुसंधान संगठन.इसरोको नयाँ अध्यक्ष अनि अंतरिक्ष विभागका सचिव नियुक्त गरेको छ। उहाले १४ जनवरीको दिन कार्यभार ग्रहण गर्नुहुनेछ। उहाले इसरोका वर्तमान अध्यक्ष एसण सोमनाथको स्थान लिनुहुनेछ। श्री नारायणन अहिले केरलको वलियामालामा इसरोको द्रव प्रणोदन प्रणाली केंद्र. एलपीएससी का निदेशक हुनुहुन्छ। रॉकेट अनि अंतरिक्ष यान प्रणोदन क्षेत्रमा विशिष्ट वैज्ञानिकको रूपमा उहालाई लगभग चार दशकको अनुभव छ। उहाँ रॉकेट अनि अंतरिक्ष यान प्रणोदनको विशेषज्ञ हुनुहुन्छ। वर्ष १९८४ मा इसरोमा उहाको नियुक्ति भएको थियो। एलपीएससी का निदेशक बन्न भन्दा पुर्ब उहाले विभिन्न पदमा रहेर कार्य गर्नुभएको छ।

****** ० ******

## प्रवासी भारतीय दिवस

18ओ प्रवासी भारतीय दिवस सम्मेलन आज देखि भुवनेश्वरमा शुरू भैरहेको छ। पचास देशहरुबाट भारतवंशी सम्मेलनका लागि स्वदेश आईरहेका छन्। ओडिशा सरकारले अनिवासी भारतीयहरु समक्ष राज्यको समृद्ध संस्कृति अनि विरासतको झलक प्रस्तुत गर्नेछ। सम्मेलनको शुभांरभ **युवा प्रवासी भारतीय दिवस बाट हुनेछ**। राज्य सरकारले युवा कार्य अनि खेलकूद मंत्रालयको सहयोग द्वारा यसको आयोजन गरिरहेको छ। प्रधानंत्री नरेन्द्र मोदीले भोलि सम्मेलनमा भाग लिनुहुनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले आगामी शुक्रवार समापन सत्रको अध्यक्षता गर्नुहुनेछ। उहाले विभिन्न क्षेत्रहरुमा भारतवंशिहरुको उपलब्धिहरुलाई रेखांकित गर्दै प्रवासी भारतीय सम्मान प्रदान गर्नुहुनेछ। त्रिनिदाद अनि टौबेगो **का** राष्ट्रपति **क्रिस्टीन कार्ला कैंगलू** सम्मेलनको मुख्य अतिथि हुनुहुनेछ। इस वर्षको थीम रहेको छ " **विकसित भारत के लिए भारतवंशियों का योगदान"।** सुश्री कैंगलूले सम्मेलनलाई वर्चुअली संबोधित गर्नुहुनेछ।

****** ० ******

## जयशंकर.ओडिशा

१८ ओ प्रवासी भारतीय दिवसमा भाग लिन ओडिशा पुगेका केंद्रीय विदेश मंत्री डॉ० एस० जयशंकरले पुरी अनि भुवनेश्वरको विभिन्न पर्यटन स्थलहरुको भ्रमण गर्नुभएको छ। ओडिशाको पांच दिवसीय भ्रमणमा जानुभएका विदेश मंत्री जयशंकर,आजदेखि भुवनेश्वरको जनता मैदानमा शुरू हुने प्रवासी भारतीय दिवसमा भाग लिनुहुनेछ। यस तीन दिवसीय विशाल कार्यक्रममा विश्वभरिबाट लगभग ४ए००० प्रतिनिधिहरुले भाग लिनेछन्।

****** ० ******

## विश्व तेलुगु सम्मेलन

आंध्र प्रदेशको राजामहेंद्रवरम स्थित गोदावरी ग्लोबल यूनिवर्सिटीमा आज देखि 2 दिवसिय विश्व तेलुगु सम्मेलन आयोजित गरिंदैछ। यसमा प्रमुख तेलुगु लेखकए साहित्यिक हस्तिहरु , पूर्व उपराष्ट्रपति एम वेंकैया नायडू, पूर्व मुख्य न्यायाधीश एनवी रमना, दुवै तेलुगु राज्यका राज्यपाल, केंद्र अनि राज्यका मंत्री, सांसद, कलाकार साथै अभिनेता सामेल हुनेछन्।

****** ० ******

## हॉकी इंडिया लीग

हॉकी इंडिया लीगमा हिज वेदांत कलिंग लैंसर्स ले श्राची राढ़ बेंगाल टाईगर्स लाई 6.0 ले पराजित गरेर यस सीजनको आफ्नो पहिलो जीत दर्ता गरेको छ। राउरकेलाको बिरसा मुंडा हॉकी स्टेडियममा खेलिएको म्याचमा थिएरी ब्रिंकमैनले लैंसर्सको लागि 2 गोल गरे। अंक तालिकामा शीर्षमा रहेता पनि बंगाल टाईगर्स, लैंसर्सको आक्रामक खेलको सामना गर्न विफल रहे। लैंसर्सका कृष्ण बहादुर पाठकलाई **"प्लेयर ऑफ द मैच" घोषित गरियो**। आज साझ 6 बजे टीम गोनासिका को भिडन्त तमिलनाडु ड्रैगनसित हुनेछ भने यूपी रूद्राज़ अनि हैदराबाद तूफान्स बीच म्याच म्याच राती 8 बजेर 15 मिनेट जाँदा शुरू हुनेछ।

****** ० ******